# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय, कमलपोखरी
### *सूचना तथा प्रकाशन शाखा*
### हलुका सवारी चालक पदमा सेवा, समूह र उपसमूह परिवर्तनको लागि प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. १४६/०८०-८१** **प्रकाशन मिति : २०८०/४/३१**

उच्च अदालत पाटनको मिति २०७८/६/१३ मा भएको उत्प्रेषण परमादेशको आदेश तथा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/३/१४ को निर्णय अनुसार सवारी चालक अनुमति पत्र (ड्राइभिङ्ग लाइसेन्स) लिई सवारी साधन चलाई रहेका संघ, प्रदेश र स्थानीयतहमा समायोजन भई कार्यरत श्रेणी विहीन स्थायी कार्यालय सहयोगी पदका निजामती कर्मचारीहरुका लागि नेपाल इञ्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, जनरल मेकानिकल उपसमूहको हलुका सवारी चालक पदमा सेवा, समूह, उपसमूह परिवर्तन गर्न निजामती सेवा ऐन, २०४९ को दफा २६ बमोजिम दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline1.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा, समूह, उपसमूह | श्रेणी | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १२००१/०८०-८१ | हलुका सवारी चालक | नेपाल इञ्जिनियरिङ्ग, मेकानिकल इञ्जिनियरिङ्ग, जनरल मेकानिकल | श्रेणी विहीन | ३६० (तीन सय साठी) |

## तपसिल

**परीक्षाको किसिम :** प्रयोगात्मक र अन्तर्वार्ता ।

**दरखास्त दस्तुर :** रु. २५०/- (दुई सय पचास)

**अपलोड गर्नुपर्ने कागजातहरु :** अनलाइन दरखास्त प्रणालीमा उम्मेदवारले नागरिकता प्रमाणपत्र, स्थायी नियुक्तिको पत्र, सवारी चालक अनुमति पत्र (ड्राइभिङ्ग लाइसेन्स), लोक सेवा आयोगबाट निर्धारित सवारी चालक भई काम गरेको सेवा अनुभव प्रमाणित फाराम भरी आफूले काम गरेको सम्बन्धित निकाय वा कार्यालयका विभागीय प्रमुख वा कार्यालय प्रमुखबाट सवारी चलाइरहेको भन्ने व्यहोरा प्रमाणित गराएको फाराम समेतको कागजातहरु तोकिएको फरम्याटमा विद्युतीय प्रति अपलोड गर्नुपर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०८०/५/१९ सम्म र दोब्बर दस्तुर तिरी २०८०/५/२६ सम्म ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान :** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ ।

**दरखास्त दस्तुर बुझाउने अवधि :** ढिलोमा २०८०/५/२७ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**उम्मेदवारको उमेरको हद :** उमेरको हद लाग्ने छैन ।

**प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने स्थान र मितिः** लोक सेवा आयोग, काठमाडौं कार्यालयबाट निर्धारण भए बमोजिम हुनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा, समूह सम्बन्धी ।

**तलबः** प्रचलित कानून बमोजिम ।

**सेवा, समूह सम्बन्धी मन्त्रालयः** ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय ।

## आवश्यक न्यूनतम योग्यता

(क) दरखास्तको सूचना प्रकाशित भएको मिति भन्दा अगाडि सवारी चालक अनुमति पत्र प्राप्त गरिसकेको र सवारी चालक अनुमति पत्रको म्याद बहाल रहेको हुनुपर्नेछ ।

(ख) स्थायी कार्यालय सहयोगी पदमा नियुक्त भई हाल हलुका सवारी चालकको काम गरिरहेको हुनुपर्नेछ ।

## द्रष्टव्यः

(क) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ख) प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि स्थायी नियुक्तिको प्रमाणपत्र, नागरिकता, सवारी चालक अनुमति पत्र (ड्राइभिङ्ग लाइसेन्स), सवारी चालक भई काम गरेको सेवा अनुभव कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रतिका साथै सो को प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ग) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।